रासस
RSS
राष्ट्रिय समाचार समिति
National News Agency
Central Office

च.नं.: ५२१०७८।०६६

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सिंहदरबार, काठमाडौं ।**

मितिः २०७८।०७।०१

विषय : **स्वतः प्रकाशन व्यवस्था सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सोको नियमावलीको नियम (३) बमोजिम सार्वजनिक निकायहरूले सम्पादन गरेका कार्यहरूको प्रगति विवरण प्रत्येक तीन/तीन महिनामा अद्यावधिक गरी स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्था भए अनुसार यस समितिमा मिति २०७८ साल साउन, भदौ र असोज महिनामा देहायबमोजिमको कार्यसम्पादन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(उत्तम सिल्वाल)
कार्यकारी व्यवस्थापक
सूचना अधिकारी

१. **समाचार, फोटो तथा अडियो सामग्री सम्प्रेषणको विवरण**

| क्र.सं. | महिना | नेपाली समाचार | अंग्रेजी समाचार | अन्तर्राष्ट्रिय समाचार | फोटो | अडियो | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | साउन | २५८२ | ९४८ | २८३ | २०८० | ४३ | |
| २. | भदौ | २६४८ | ९२९ | २८७ | २१७३ | २५ | |
| ३. | असोज | २४५८ | ८७४ | २६४ | २१४४ | २९ | |
| जम्मा | | ७६८८ | २७५१ | ८३४ | ६३९७ | ९७ | |

२. **खोजमूलक समाचार र फोटो सङ्कलनलाई प्राथमिकता दिएको**

यस अवधिमा प्रधानसम्पादक र प्रमुख समाचारदाताको जिम्मेवारी फेरबदल भएको, विशेषगरी खोजमूलक र आलेख समाचार सामग्रीले प्राथमिकता पाएको, सम्प्रेषित फोटो समाचार सामग्रीलाई आमसञ्चार माध्यमले प्राथमिकताका साथ सम्प्रेषण गरेको । अनलाइन समाचार माध्यमले अधिकांश समाचार प्रयोग गर्ने गरेको ।

३. **कोरोना सङ्क्रमणका बावजुद निर्बाधरूपमा समाचार सेवा सम्प्रेषण गरेको**

कोरोना भाइरस अर्थात् कोभिड-१९ को विश्वव्यापी महामारीसँगै नेपालमा पनि कोरोना महामारीको सन्त्रास कायमै रहेको, कोरोना भाइरस सङ्क्रमणका बावजुद (रासस)ले सामान्य दिनहरूमा भन्दा अझ बढी समाचार, फोटो तथा अडियो सङ्कलन, सम्पादन तथा सम्प्रेषण गरेको, तर समितिले चाहेजस्तो गरी अनुसन्धान एवम् खाजमूलक समाचार सम्प्रेषण गर्न नसकेको । यद्यपि अधिकांश आमसञ्चार माध्यमले राससद्वारा सम्प्रेषित समाचार सामग्रीलाई प्राथमिकतासाथ प्रयोग गरेको पाइयो । नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र सेवाग्राही आमसञ्चार माध्यमबाट प्राप्त अमूल्य सहयोगका कारण तीन महिनाको अवधिमा सन्तोषजनक ढङ्गबाट समाचार, फोटो तथा अडियो समाचार सामग्री सम्प्रेषण गर्न रासस सफल भएको छ । आउँदा दिनमा अझ खोजमूलक एवम् गुणस्तरीय समाचार सामग्री सम्प्रेषण गर्न रासस प्रतिबद्ध रहेको ।

४. **भौतिक सम्पत्तिको संरक्षण एवम् संवर्द्धनलाई प्राथमिकता दिएको**

राससको स्वामित्वमा झापाको काँकरभिट्टादेखि सुदूरपश्चिमको भीमदत्तनगर/कञ्चनपुर र धनगढीसम्म रहेका व्यावसायिक जग्गा तथा भवनको संरक्षण र संवर्द्धनका लागि आवश्यक पहल भएको । आर्थिक वर्ष २०७८/०७९ को पहिलो त्रैमासिक (२०७८ सालको साउन, भदौ र असोज महिना) मा जीर्ण अवस्थामा रहेका रासस कार्यालय भद्रपुर/झापा र रासस प्रदेश नं. २ कार्यालय, जनकपुरको भवन मर्मत-सम्भार गर्नका लागि लागत इष्टिमेटसहितको प्राविधिक प्रतिवेदन तयार भएको, रासस गण्डकी प्रदेश कार्यालय पोखराको नयाँ भवन निर्माण प्रक्रियाअन्तर्गत लागत इष्टिमेट तयार गर्ने काम सम्पन्न भएको र सुदूरपश्चिम प्रदेशअन्तर्गत भीमदत्तनगर/कञ्चनपुरमा

नयाँ कार्यालय भवन निर्माणका क्रममा एकतलाको काम सम्पन्न भएको । रासस केन्द्रीय कार्यालयको निर्माणाधीन प्रशासनिक ब्लकको निर्माण कार्य छिटोछरितो रूपमा अघि बढेको ।

५. **एकीकृत समाचार सफ्टवेयर निर्माण तथा जडानको प्रगति**

राससको समाचार सेवालाई एकीकृत रूपमा अघि बढाउने उद्देश्यले निर्माण तथा जडान गर्न लागिएको सफ्टवेयरको काम करिब अन्तिम चरणमा पुगेको । राससका विभागीय प्रमुख तथा समाचार सेवासँग प्रत्यक्षरूपमा सम्बन्धित समाचारदाता, सम्पादक र कम्प्युटर अपरेटरहरूको समेत रायसुझाव लिई तयार गर्न लागिएको सफ्टवेयर निर्माणको काम पूरा भई परीक्षणका रूपमा सञ्चालन भइरहेको । सफ्टवेयर सञ्चालनका लागि आवश्यक सर्भर खरिदका लागि शिलबन्दी बोलपत्र आह्वान भएको । गत आर्थिक वर्षमा बजेटमा व्यवस्था भएअनुसार अत्यावश्यक ल्यापटप र डेस्कटप कम्प्युटर खरिद गरेको र चालु आव २०७८/०७९ का लागि सञ्चार उपकरण खरिदका लागि नीतिगत निर्णय भएको ।

६. **अनुदान सहयोगसम्बन्धी सम्झौता भएको**

आर्थिक वर्ष २०७८।०७९ मा विनियोजित पूँजीगततर्फ पुराना कार्यालय भवन मर्मतसम्भारका लागि रु. ५० लाख, आर्काइभ शीर्षकअन्तर्गत रु. ५० लाख, भिडियो सञ्चालनका लागि रु. ५० लाख र बहुवर्षीय योजनाअन्तर्गत पोखरास्थित रासस गण्डकी प्रदेश भवन निर्माणका लागि पनि रु. ५० लाख गरी अनुदान स्वरूप प्राप्त दुई करोड रुपियाँ निकासाका क्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र राससका बीच सम्झौता भएको ।

७. **आर्थिक रूपमा मितव्ययी भई कामकाज गरेको**

उपलब्ध स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै यथाशक्य आर्थिक रूपमा मितव्ययी बन्ने कामलाई निरन्तरता दिएको ।